# गरिबको चस्मा लगाएर सामुदायिक वनलाई हेर्दा

■ **डा. भरत कुमार पोखरेल**

## पृष्ठभूमि

ठूला साना सबैखाले नेताजीहरुले गर्ने उद्घाटन भाषणमा होस् वा योजनाविद्हरुले सेमिनारमा व्यक्त गरेका "दुई शब्द" हरु हुन् अथवा सरकारी, गैह्र सरकारी सङ्घ संस्थाहरुमा काम गर्ने विकासे हाकिम र कार्यकर्ताका छोटा मन्तव्य र सहजीकरणका विषय हुन्, वा ठूलठूला परामर्शदाताहरुले लेखेका रिपोर्ट होउन कि, क्रान्तिकारी र परिवर्तनकारी शक्तिका प्रशिक्षण शिविरमा हुने जोसिला भाषण, या विदेशी दातृ संस्थाले तारे होटेलमा आयोजना गरेका सेमिनार र बडेबडे मानिसहरुले टेलिभिजन र रेडियोमा पत्रकारलाई भेला गरी दिएका अन्तर्वार्ता एवं सङ्कलन गरिएका समाचारहरु ... यी सबैले आजकल गरिब, महिला, निमुखा, उत्पीडित, उपेक्षित, विपन्न, शोषित, पीडित, अपहेलित, दलित, जनजाति र दुर्गम क्षेत्रका मानिसहरुको नाम पटक पटक लिने, भट्याउने र लेख्ने गर्छन् । सबैले कुरा र भाषण गर्ने त खेती भएका छन्- "हाम्रा देशका गरिब जनताहरु र हाम्रो गरिबी" । सरलरूपले बुझ्नु पर्दा "गरिब" भन्नाले आर्थिक रूपले कमजोर, सामाजिक र लैङ्गिक विभेदको कारणले हेपिएका र भौगोलिक हिसावले दुर्गम क्षेत्रमा कठिन जीवन बिताउन बाध्य भएका 'गरिब पुरूष, गरिब महिला र गरिब दलित' वर्गलाई बुझाउँछ । मैले यो लेखमा "गरिब" लाई बुझ्न यही सरल परिभाषा प्रयोग गरेको छु ।

गरिब र गरिबीको बारेमा कसले कति बुझेका छन् र कति मात्रामा बुझ पचाएका छन् भन्ने कुराको यकिन गर्ने कसी चाहिँ माथि उल्लेखित भाषण-भूषण गर्ने वर्गहरुको चरित्र, कार्यशैली र दैनिक जीवनमा देखिने भनाइ र गराइको इमान्दारिता र व्यवहारलाई नै हेर्नु पर्ने हुन्छ ।

विगत १० वर्षदेखि सामुदायिक वन (सा.व.) विकासमा लागि पर्दा पाएका अनुभव र गाउँको अवलोकन भ्रमणबाट प्राप्त जानकारी र आँकडालाई[१] आधार मानी भन्नु पर्दा यदाकदा छिटपुटरूपमा वाहेक गरिबको पक्षमा सा.व. ले गर्नुपर्ने जति काम गर्न नसकेका प्रमाणहरु सर्वत्र देखिए । यसलाई बेलैमा सच्याउनु पर्छ भन्ने मान्यतामा मेरा पहिला पहिलाका लेख[२] भन्दा फरक ढङ्गले यो लेख प्रस्तुत गरेको छु । यो लेखमा मैले गरिबको चस्मा लगाएर मुलुक भित्र र मुलुक बाहिर पनि सफल भनेर नाम कहलिएको सा.व. लाई नियालेर हेर्ने जमर्को गरेको छु । गरिबमुखी दृष्टिकोण अपनाइ साँच्चीकै गरिबको भलाइका लागि काम गर्न चाहने जो कोहीलाई यस लेखले गरिबलाई केन्द्रमानी सा.व. बुझ्न एउटा सरल खाकाको काम गर्नेछ भन्ने आशा लिएको छु ।

## गरिब हेर्ने चस्मा

### गरिबहरु प्रति असम्बेदनशील हाम्रा समाजका टाठाबाठाहरु

प्रसङ्ग हाम्रो समाजका टाठाबाठा वर्गले गरिबलाई कसरी हेर्ने गर्छन् भन्नेबाट सुरू गरौं । गाउँमा धेरैजसोले गरिबलाई जड्याहा, अल्छे, बेइमानी, खाको नतिर्ने, माया गर्दा टाउकोमा टेक्ने, बैठक भेलामा नआउने, बोल्ने ढङ्ग नभएका, आदि भनेर आरोपित गर्ने गर्छन् । गरिबीको सम्पूर्ण दोष पनि उनीहरुकै भाग्य र अल्छिपन हो भनी गरिबलाई अपहेलना गर्ने गरिन्छ । गरिब किन गरिब भयो ? उसको मनमा के गुज्रिरहेको छ ? के मद्दत गरिएमा ऊ गरिबीबाट मुक्त हुन्छ ? भन्नेबारेमा बहुत कमले मात्र सोची दिने गरेका छन् । यसरी हेर्दा केही गरिबमुखी असल

व्यक्तित्वहरु बााहेक हाम्रो समाजका धेरैजसो मानिसहरु गरिबलाई हेप्ने र तिरस्कार गर्ने प्रवृत्तिका छन् भन्न सकिन्छ । नेपाली टाठावाठा वर्गमा रहेको गरिब प्रतिको यस्तो नकारात्मक र असम्बेदनशील सोच गरिबी निवारण अभियानका लागि ठूलो चुनौतीको विषय हो । नेपाली टाठाबाठाहरुलाई कसरी गरिब प्रति बढी सम्बेदनशील बनाउन सकिन्छ भनी त्यस्तो प्रक्रियाको विकास गर्नु अर्को महत्वपूर्ण चुनौती हो ।

**गरिब चिन्न कति गाह्रो ?**

गाउँमा जन्मी, हुर्की, बढेको गाउँलेको नाताले पाएको व्यावहारिक ज्ञान र समाजशास्त्रको पनि विद्यार्थीको हैसियतले नेपाली समाजको बनौट थाहापाउन मलाई त्यति गाह्रो पर्दैन । नेपाली समाज एक विभेदपूर्ण र असमानताले ग्रसित पितृसत्तात्मक पुरातनवादी समाज हो । जातको आधारमा रहेको विभेद, लैङ्गिक आधारमा गरिने विभेद, भौगोलिक क्षेत्रको हिसावले दुर्गम र सुगम बीचको असमानता सजिलै देख्न र लेख्न सकिने कुरा भए । यसबारे धेरै अध्ययन, अनुसन्धान र विकासे रणनीति पनि तयार भएका पाइन्छन् । तर नेपालमा वर्गीय विभेद कुन हदसम्म छ भनेर यकिन गर्न केवल कुल ग्रार्हस्थ उत्पादन (जि.डि.पि.) र मानव विकास सूचकाङ्क (एच.डि.आई.) जस्ता आर्थिक तथा मानवीय मापदण्डले नपुग्ने रहेछ । यी मापदण्डको अलावा समाजका सबैखाले मानिसले गरिबप्रति लिने दृष्टिकोण उनीहरुको सोचाइ र गरिबलाई गर्ने व्यवहारलाई समेत हेरेर वर्गीय विभेद नापिनु पर्ने कुराले गरिब पहिचान गर्ने कामलाई जटिलता थपेको छ ।

खासगरी विकासे कामको सन्दर्भमा गरिबमुखी भई काम गर्नको लागि आवश्यक पर्ने सबैभन्दा पहिलो पूर्वसर्त भनेको गाउँ वा समूहका गरिब परिवार कुन-कुन हुन् भनेर थाहा पाउनु नै हो । तर यथार्थमा गाउँमा सबैभन्दा गरिब को हुन् भन्ने कुरा निष्पक्ष रूपमा थाहापाउन नै कठिन हुने रहेछ । सहभागीमूलक ग्रामीण लेखाजोखा (पि.आर.ए.) जस्ता अहिलेका चलनचल्तीका विकासे औजार प्रयोग गरी समूह छलफलबाट गरिब पहिचान गराउन खोज्दा कतिपय ठाउँमा गरिबले विकासे अड्डाबाट के के न पाउने भए भन्ठानेर होला छलफलमा भाग लिने टाठाबाठाहरुले अनावश्यक वखडा र विवाद निकालेर "गाउँमा बस्ने सबै गरिब" भन्ने हल्काफुल्का तर्क निकाल्दै गरिब चिन्ने कामलाई समेत नजानिदो ढङ्गले बाधा पुऱ्याउने गर्छन् । नेपालको विग्रदो शान्ति सुरक्षाको सन्दर्भमा त झन 'तँ धनी' र 'तँ गरिब' भनेर समूह भेलामा कसैलाई भन्न वा चिन्न पनि जोखिमपूर्ण हुने अवस्था छ । गाउँको कुरो थाहा हुने कोही कोहीलाई अनौपचारिक हिसावले सोधेर गरिब पहिचान गर्न खोज्दा पनि कतिपयले त झूटा जानकारीहरु पनि दिने गरेको पाइएको छ । यिनै कुराहरुले पनि होला अथवा गरिबप्रति सम्बेदनशील नभएर पनि होला गरिबी निवारण गर्ने कामका लागि जागिर पाएका कतिपय कर्मचारी र विकासे कार्यकर्ता समेतले निष्पक्ष ढङ्गले गरिब पहिचान गर्न नसकिने तर्क दिई जिम्मेवारीबाट पन्छिने गरेको पनि पाइएको छ । गरिबी निवारणको सुगा रटाइ गरेको यतिका वर्ष वित्दा पनि धेरै गाउँहरुमा सही रूपले गरिब परिवार पहिचानै हुन बाँकी छ । गरिब पहिचान भएका कतिपय ठाउँमा सबैभन्दा गरिब परिवार चाहिँ छुटेका र हाइँ-फाइँ वालाहरु गरिब परिवारको रूपमा गणना भएका उदाहरणहरु पनि प्रशस्त भेटिएका छन् । यस्ले गर्दा गरिबको घरमा जानुपर्ने सानातिना राहतका कुरा पनि हाइँ-फाइँ वाला टाठाबाठा वर्गकै मुखमा पुग्ने रहेछ ।

यसो हेर्दा गाउँमा सबभन्दा गरिब परिवार कुन कुन हुन् भनेर पहिचान गर्ने काम त्यति कठिन र गर्नै नसकिने कुरा त नहुनु पर्ने हो जस्तो लाग्छ । गाउँका दुई चार जना इमान्दार मानिससँग बसेर एकाध घण्टा कुरा गर्दा सबैभन्दा गरिब घरधुरी कुन कुन हुन् भन्ने कुरा सजिलै पत्ता लाग्नु

पर्ने हो तर गाउँका ती इमान्दार मानिस नै को होलान् भनी हामी वाहिरिया विकासेहरुलाई थाहा पाउन गाह्रो हुने रहेछ । इमान्दार नै को हो भन्ने कुरा पनि मानिस मानिसको सोचाइमा भर पर्ने रहेछ । एउटाको नजरमा इमान्दार देखिने मानिस अर्कोको नजरमा सबैभन्दा बदमास र फटाहा पनि हुने रहेछ । सायद व्यक्तिको राजनैतिक पूर्वाग्रह, व्यक्तिगत स्वभाव र व्यवहारका कारणले पनि यस्तो हुने होला ।

**साँच्चिकै गरिब को हुन ?**

"सानो झ्याल विनाको झूप्रो, नाम मात्र को जग्गा, जीर्ण र रोगी शरीर, फाटेको लुगा, खान्की कम, बनी-बुतोको पेशा, पढाइ शून्य, ऋणको भारी, भवितब्य र अकाल मृत्युको सिकार, सामाजिक विभेद र छुवाछुतबाट पीडित, नगद नारायणको सधैँ कमी, अड्डा अदालत र विकासे सङ्घ संस्थामा पहुँच शून्य, गाउँ घरका बैठक र भेलामा अनुपस्थिति, काम गर्न नसक्दा चाडपर्वका वेला गर्जो टार्न मुस्किल, शिक्षा स्वास्थ्य जस्ता सुविधाबाट बन्चित, झै-झगडा र विभिन्न समस्याले ग्रसित, कसैको पनि हेरचाहा र सर-सहयोग नपाउने दुःखीहरु, समाज र राज्यबाट उपेक्षित मानिसहरु हुन्" गरिब भनेका[३] । अर्को हिसावले हेर्दा भवितव्य, दुर्घटना, रोगी, प्राकृतिक प्रकोपबाट सबभन्दा बढी ग्रसित वर्ग नै नेपालका गरिब वर्ग हुन् भन्न सकिन्छ । समष्ठिगत हिसाबले भन्नु पर्दा भवितव्य, शोक, रोग, भोक, द्वन्द र ठूलाबडाले सताइएका अपहेलित वर्ग नै गरिब हुन् ।

लिङ्ग र जातको आधार लिई महिला र पुरूष तथा तल्लो जात र माथिल्लो जात भनेर मानिस चिन्न जति सजिलो हुन्छ, निष्पक्ष रूपमा गरिब र धनी छुट्याउन त्यति नै कठिन हुन्छ । त्यसैले पनि होला गाउँघरमा गरिबी निवारणका नाममा हुने विकासे काममा गरिब परिवारको पहिचानमा खासै ध्यान दिइएको पाइएन । केही विकासका काम भएका ठाउँमा जो कोहीले पनि महिला, दलित, जनजातिको उत्थानको लागि यसो गरियो उसो गरियो भन्ने कुरा आजकल प्रशस्त मात्रामा सुन्न र पढ्न पाइन्छ । तर विडम्बनाको कुरा 'गरिब महिला', 'गरिब पुरूष', 'गरिब जनजाति' र 'गरिब दलित' विशेषको लागि भएका कामहरु चाँहि गाउँघर र विकासे अड्डामा बिरलै सुन्न र हेर्न पाइन्छ । गरिबको चस्मा नलगाई नेपाली समाज र विकासलाई यसैगरी हेर्दै जाने हो भने वास्तविक गरिब त विकासको मूलधारबाट सधैँ छुटेका छुटै पो हुने रहेछन् । यो नै अहिलेको सबैभन्दा चुनौतीपूर्ण पक्ष हो । त्यसैले विकासको हरेक अभियानमा गरिब पहिचान गर्ने तरिका र प्रक्रिया एवं गरिबमुखि अवधारणा अहिलेको अनिवार्य शर्त हो । अब प्रसङ्ग बदलौं र गरिबको चस्मा लगाएर नेपालको सा.व.लाई हेर्ने कोसिस गरौं ।

## सामुदायिक वन

### सामुदायिक वनका दुई पाटा, दुबै रूप

सा.व.का दुई पाटा छन् : 'वन' एउटा पाटो हो भने 'समुदाय' अर्को पाटो हो । वनको पाटोबाट हेर्दा नेपालमा सन् १९७८ देखि सुरू भएको सा.व. सफल भएको कुरा सुन्नमा, पढ्नमा र देख्नमा पाइएको छ । तर सा.व.को अर्को पाटो, समुदाय त्यस भित्रको पनि खास गरी 'गरिब' परिवारको घरदैलो (मुखैमा) मा चाँहि सा.व. ले के पुऱ्यायो भन्ने कुरालाई चाख लिएर बुझ्दा र विश्लेषण गर्दा सा.व. ले यो अर्थमा चाँहि धेरै काम गर्न बाँकी छ भन्ने प्रमाणहरु देखिएका छन् ।

### सामुदायिक वनको सफल रूप

त्यसो त नेपालमा सबै पक्ष, निकाय र शासनका संयन्त्र भताभुङ्ग र लथालिङ्ग भएको अवस्थामा पनि अधिराज्यका कुना काप्चा, गाउँ-घर, लेक-बेसी सर्बत्र सा.व. कार्यकम फैलन सक्नु,

अधिराज्यका अधिकांश ग्रामीण जनताहरु सा.व. को छातामा सङ्गठित भई प्रजातान्त्रिक अभ्यास गर्न जान्ने हुनु, आफ्नो गाउँमा भएको वनको संरक्षण र व्यवस्थापनबारे निर्णय लिन सक्ने हुनु, सामुदायिक विकासको कामको लागि विदेशी र सरकारको मुख ताक्ने बानीलाई चुनौती दिदै आफ्नो गाउँको स्कूल, बाटो, पुल-पुलेसा, कुलो, विजुली, टेलिफोन जस्ता भौतिक विकासमा सा.व. को कोष परिचालन गरी गाउँको विकासमा योगदान दिन सक्नु जस्ता कुराहरुलाई सा.व. का उपलब्धि मानिदै आइएको छ । यसको अलावा, धेरै जसो पहाडका गाउँहरुमा समूहको कोषले ग्रामीण बैङ्क सरह काम गरेको छ । विभिन्न खाले विकासे तालीम र गोष्ठीले उपभोक्ताहरुको नेतृत्व विकास र मानवीय क्षमतामा वृद्धि भएको छ । महिला तथा दलित वर्गको सहभागिता गाउँका भेला र नेतृत्व तहमा हुन थालेको छ । उनीहरुको प्रतिनिधित्वमा क्रमश: वृद्धि भएको छ र सबैभन्दा महत्वपूर्ण पक्ष पहाडका नाङ्गा डाँडा सा.व. को उदय पछि हरिया भएका छन् । यो सबैले देखेको कुरा हो । सबैभन्दा महत्वपूर्ण उपलब्धि त के हो भने गाउँघरमा सा.व. विकासको माध्यमद्वारा हुने गरेका बैठक, सभा, छलफल र निर्णय प्रक्रियाले प्रजातन्त्रको प्राण बचाएको छ । आफ्ना गाउँका समस्याहरु आफैले समाधान गर्ने, प्राकृतिक स्रोतको संरक्षण र गाउँको विकास आफू-आफू मिलेर गर्ने तथा समूह-समूह बीच अनुभव र ज्ञानको आदान प्रदान गर्ने परिपाटीको विकास भएको छ । वनका कर्मचारी र जनता बीचको सम्बन्धमा सुधार र सहिष्णुता बढेको छ । सरकारी, गैह्र सरकारी र स्थानीय सङ्घ संस्था मिलेर काम गर्ने बानी र विश्वास बढेको छ । यी सबै कुराहरुलाई हेर्दा सा.व. विकासको अवधारणा नेपालमा अत्यन्त सफल र प्रभावकारी मान्न सकिन्छ । यसबाट अन्य धेरै छिमेकी मुलुकहरुले र कतिपय यूरोपेली देशहरुले नेपालको सा.व. बारे चासो राखेर धेरै कुरा सिक्दै पनि छन् ।

**सामुदायिक वनको अर्को रूप**

माथि उल्लेखित सफलताहरुका बावजुद सा.व. लाई गरिबको चस्माबाट हेर्दा स्थिति त भिन्न पो देखिने रहेछ । धेरैजसो ठाउँका वन उपभोक्ता समूहहरुले गरेका कतिपय निर्णय, समितिमा रहेका पदाधिकारीहरुको सोचाइ, काम गर्ने तौर तरिका र सा.व. स्रोत र कोषको परिचालन तथा बाँडफाँटमा गरिबप्रतिको असम्बेदनशीलतालाई नजिकबाट निहालेर हेर्दा सा.व. को रूप नराम्रो र निराशाजनक देखियो । केही उदाहरणहरु तल प्रस्तुत गरिएका छन् ।

अहिलेसम्म देखिएका, भेटिएका र अध्ययन गरिएका प्रायजसो सबै सा.व. उपभोक्ता समूहको कोषमा आठ/दस हजारदेखि एकाध लाखसम्म वर्षेनी आम्दानी हुने गरेको पाइयो तापनि उपभोक्ता समूहको कोषमा भएको पैसा लगानी गर्दा तिर्न सक्दैन भनेर गरिबलाई ऋणसम्म पनि दिइदो रहेनछ ।

लेखपढ गर्न जान्दैनन् र स्पष्ट कुरा राख्न ढङ्ग पुऱ्याउँदैनन् भनेर तालीम गोष्ठीमा गरिबलाई बोलाइदो रहेनछ । जति खवर गर्दा र चिठ्ठी पठाउँदा पनि भेला, बैठकमा "यी गरिबका सन्तानहरु आउँदैनन् र चासो दिदैनन्" भनेर समितिमा पनि गरिबहरुलाई राखिदो रहेनछ । संख्या देखाउन एक/दुई जना गरिबलाई समितिमा राखे पनि भनेको मान्ने र विरोध नगर्ने खालकालाई समितिमा गिन्ती पुऱ्याउन राखिने रहेछ । कतिपय ठाउँमा तोकेको दस्तुर र जरिवाना नतिर्ने, बैठक र भेलामा नआउने र भनेको नटेर्ने बाहानामा समूहको सदस्यताबाटै गरिब वर्गलाई हटाइने रहेछ ।

सा.व.को कोषबाट भएको धेरैजसो लगानी त स्कूल क्याम्पसका पूर्वाधार र शिक्षकको तलवमा जाने गरेको रहेछ, जहाँ गरिबका छोरा छोरी त भर्ना नै नहुँदा रहेछन् । वनको कोषबाट बनेका

खानेपानीका धारा त गरिबका घरबाट निकै टाढा पो पर्दा रहेछन् । विजुली र टेलिफोनमा भएको लगानीबाट फाइदा लिने कुरा त गरिबको लागि "आकासको फल आँखा तरी मर" भने जस्तो पो हुने रहेछ ।

सबैभन्दा दुःख लाग्दो पक्ष त यो पनि पाइयो कि अधिकांश वनहरु काठको लागि भनेर संरक्षण गरिएका छन् । वर्षेनी काठको लागि उपभोक्तालाई रूख दिइने व्यवस्था पनि छ । उपभोक्ताहरुले मरिमेटी बढाइ हुर्काइ गरेका हुनाले होला, वनको काठको मूल्य पनि उपभोक्ताको लागि निकै सस्तो पारेको हुने रहेछ । उदाहरणको लागि "वासमती चामलमा मूल्य घटाइ दिएर गरिबलाई फाइदा गराउँछु" भने झै काठको मूल्य घटाउदा त हुनखानेलाई नै मात्र पो फाइदा पुगेको रहेछ किनभने गरिबको घर त काठले भन्दा स-साना किला खामा र बाँसले पो बन्ने रहेछ । काठको साटो भनेर गरिबले त केही पनि पाउने रहेन छ । आफ्नो भागमा परेको सस्तो मूल्यको काठ लिएर गर्जो टार्छु भन्ने गरिबको भनाइ पनि समूहको नियमले दिंदैन रे । यसरी हेर्दा के देखियो भने काठमा तोकिएको कम मूल्यले त जेठा र कान्छा मुखियाहरुलाई पो बढी फाइदा भएको रहेछ । गरिबले सङ्कलन गर्ने जडीबुटीको मूल्य बजारमा आइपुग्दा त महँगै भएको पाइयो तर सङ्कलन गर्दा उसले पाउने ज्याला तोक्ने काम त अत्यन्त कम दरमा जडीबुटी बेच्ने ठेकेदारले पो गर्दो रहेछ ।

यति हुँदा पनि गरिब मलाई अन्याय पर्‍यो भनी बैठक र सभामा बोल्न सक्दो रहेनछ । उसले यदाकदा वोलेको कुराको पनि खासै सुनुवाई हुँदो रहेनछ । सुनुवाइ भएता पनि निर्णयको रूपमा निर्णय पुस्तिका, विधान, कार्ययोजनामा लेखिदो रहेनछ । कहिले काहीं यदाकदा लेखिइ हाले पनि कार्यान्वयन हुँदो रहेनछ । कार्यान्वयन भै हालेछ भनेपनि गरिबको नाममा अरू कोहीले फाइदा पाउने रहेछन् । यस्ता निर्णयहरुबाट गरिब स्वयंले प्रत्यक्ष रूपमा फाइदा चाहिँ बिरलै पाउंदो रहेछ ।

ग्रामीण क्षेत्रमा रहेका सबैखाले संस्थाहरु मध्ये बढी स्वायत्त, विकेन्द्रित, स्वतन्त्र र उत्तराधिकारवाला संस्थाको नाताले सा.व. उपभोक्ता समूहले चाहिँ अरू संस्थाभन्दा गरिबमुखी काम गर्छ भन्ने हालसम्मको मेरो विश्वास त गरिबको चस्माबाट हेर्दा निरासामा बदलियो । सबैले सफल मान्दै आएको सा.व. को रूप त यस्तो देखियो भने यो मुलुकमा सञ्चालन भएका बदनाम आयोजना परियोजनाहरुलाई गरिबको चस्माले हेर्दा ती कति कुरूप र निरासाजनक देखिएलान् ? यो हामी सबैका लागि अत्यन्त दुःखदायी कुरा हो ।

**लाभ किन गरिबकोमा पुग्दैन?**

राजनीतिक होस् कि सामाजिक अथवा विकासे यी सबै फाँटका सबैखाले मानिसका मुखमा गरिबको नाम झुण्डिएकै पाइन्छ तर तिनै गरिबको मुखमा लाभ चाहिँ किन पुग्न सकेको छैन ? सायद हामी जो गरिबकोलागि बोल्ने, लेख्ने र गर्ने भनेर हिँडेका छौं, हामी स्वयं गरिब हैनौ । साँच्चो अर्थमा हामी गरिबै भएर संसार कस्तो देखिन्छ र भोगिन्छ भन्ने कुरा हेर्न र महसुस गर्न सक्दैनौ । त्यसैले होला हाम्रा नीति, नियम, निर्णयमा गरिब शव्द यत्रतत्र देखिएता पनि हाम्रो सोंच, नियत, निर्णय र काम गर्ने शैली गरिबमुखी देखिएको छैन । उदाहरण फेरि पनि सामुदायिक वनकै लिऊँ ।

आपद्-विपद् परेका गरिब उपभोक्ता परिवारहरुलाई सा.व. को कोषको पैसाले राहत पुर्‍याउन न त प्रचलित कानुनले छेक्ने रहेछ न त कसैको आदेशले नै । तर पनि किन गाउँमा गरिब वर्गले आफूलाई शोक र भवितब्य परेको बेला पनि आफ्नै सा.व. को कोषबाट मद्दत पाइरहेका छैनन् ?

पाइहाले पनि किन नाम मात्रको अत्यन्त कम राहत पाउने गरेका छन् ? किन गरिबको पक्षमा यति प्रतिशत कोषको रकम खर्च गर्नु नै पर्ने भन्ने कानुन बनेनन् ? खासमा भन्ने हो भने अहिलेको सा.व. को कानुनलाई संसारकै सर्वोत्कृष्ट जनतामुखि कानुन मानिन्छ तर पनि किन हाम्रा वन ऐन, नियमावली लगायत योजना परियोजना र समूहस्तरका विधान, कार्ययोजना, समूह भेलाका निर्णय र समितिको बैठक आदि गरिबको पक्षमा मौन हुन्छन् ? कारण धेरै होलान् तर मुख्य कारण के हो भने गरिब आफैं नियम बनाउने ठाउँमा आफ्नो प्रतिनिधि आफैं हुँ भनी पुग्न सकेको छैन । आफ्ना प्रतिनिधिहरुले गरिबको पक्षमा गतिलो हिसावले लागि परेर काम गरिदिएनन् । एकाध सज्जनहरुले भनेको कुरा धेरैजसोले मानितो दिने रहेनछन् । त्यसैले गरिब र गरिबी त हामी हुने खाने र पढेलेखेका वर्गका लागि लेख्ने, बोल्ने र भाषण गर्ने विषय मात्र पो भएछन् । गरिबहरुको कठिनाइलाई महसुस गर्ने, गरिब पहिचान गर्ने, उनीहरुको पक्षमा लागि पर्ने साँच्चिकै अर्थमा कानुन बनाउने, योजना, परियोजना र कार्यक्रममा उनीहरुको लागि छुट्टै प्रावधान राख्ने र कोष छुट्याउने हामी पढालेखा भनाउदाहरु थोरै मात्र छौं क्यारे । हामी र हाम्रो समाज गरिबप्रति यति निर्दयी र असम्बदनशील किन भइरहेछ ? त्यसैले त होला नि आजकाल हाम्रो गाउँ-घर, छिमेक, समाज, जिल्ला र सम्पूर्ण राष्ट्र नै द्वन्द, प्रतिशोध, इर्ष्या, हिंसाग्रस्त र भयभित छ । माथिदेखि तलसम्मका सङ्घ सङ्गठनदेखि गाउँका जान्ने बुझ्ने ठूलाबडा सबैलाई कसरी गरिबमुखी सोच लिएर काम गराउने भन्ने नै आजको ठूलो चुनौती र आवश्यकता हो । यसको अलावा गरिबलाई कसरी आफ्नो अधिकारको बोध गराई आफ्नो हक र सेवा माग गर्न र काम गर्न सक्ने बनाउने भन्ने अर्को ठूलो चुनौती र महत्वपूर्ण कुरा हो ।

**निष्कर्ष**

धेरै सफलताको बाबजुद पनि गरिब पहिचान नहुनु र ती गरिब प्रतिको सम्बेदनशीलतामा कमी हुनु हालको सामुदायिक वनले गर्न नसकेका कुरा हुन् । गरिबमुखी दृष्टिकोणबाट हेर्दा सा.व. ले गर्नु पर्ने जति गर्न सकेको नदेखिएता पनि जल तथा वन जस्ता सामुहिक स्रोतको व्यवस्थापन गर्न कुन प्रणाली चाहिँ बढी उपयुक्त र प्रभावकारी भन्ने विषयमा संसारका विभिन्न देशमा भएका अध्ययनबाट के दखिन्छ भने सा.व. को अवधारणा नै अहिलेसम्मको सबैभन्दा उन्नत र प्रभावकारी अवधारणा हो । यसको विकल्पमा रहेका सरकारी संयन्त्रले आफ्नो स्रोत, साधन, ज्ञान र सीप प्रयोग गरी एकलौटी रूपमा गर्ने व्यवस्थापन कहीँ पनि त्यति सफल हुन सकेका छैनन् भने अर्को विकल्पमा रहेको निजी क्षेत्रबाट हुने व्यवस्थापन पनि लगानीकर्ताका लागि बढी खर्चालु हुने र बढी नाफामुखी र स्वार्थी हुने गरेकाले स्रोतको दिगो व्यवस्थापनका दृष्टीकोणले प्रभावकारी देखिएका छैनन् । यस अर्थमा भए मध्येका स्रोत व्यवस्थापनका विकल्पमा सा.व. प्रणाली नै अहिलेसम्म देखिएका प्रणाली मध्येको उत्तम विकल्पको रूपमा मान्नुपर्ने अवस्था छ ।

सा.व.को पहिलो पाटो 'वन' सफल देखिएकै छ । यसको दोस्रो पाटो 'समुदाय' (विशेष गरी गरिब समुदाय) लाई फाइदा पुऱ्याउन सा.व. सम्बन्धी बुझाइ, यस सम्बन्धी नीति, नियम, योजना, परियोजना, काम गर्ने शैली र प्रक्रियामा गरिबमुखी अवधारणा घुसाउन सकिएमा सा.व. को हालको आंशिक सफलतालाई पूर्णता दिन सकिने कुरामा विश्वस्त हुन सकिन्छ ।

(लेखक नेपाल स्वीस सामुदायिक वन परियोजनामा कार्यरत हुनुहुन्छ ।)